# निर्वाचनमा मानव अधिकार

**आगामी २०७० मंसिर ४ गते सम्पन्न हुने गरी तय भएको संविधानसभा सदस्यको निर्वाचनमार्फत नयाँ संविधान निर्माण प्रक्रिया मानव अधिकार संरक्षणको दृष्टिले महत्वपूर्ण रहेको छ। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६ तथा नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूले समेत भयरहित स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत जनताले आफ्ना प्रतिनिधिहरू छान्ने, उम्मेदवार हुने र निर्वाचित हुन पाउनेजस्ता अधिकारहरू उल्लेख गरेको पाइन्छ। ऐतिहासिक जनआन्दोलन २०६२/०६३ को जनादेश तथा बृहत् राजनीतिक सहमतिबमोजिम बनेको नेपालको अन्तरिम संविधान, २०६३ मार्फत संवैधानिक अङ्गको रूपमा रहेको राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार संरक्षण, संवर्द्धन तथा प्रभावकारी कार्यान्वयनका साथै विस्तृत शान्ति सम्झौता, २०६३ को अनुगमन गर्ने दायित्व समेत प्रदान गरिएको छ। विगतमा २०६४ चैत २८ मा निर्वाचन सम्पन्न भई गठन भएको संविधानसभाका विभिन्न समितिहरूले गरेको मस्यौदामा मानव अधिकारका धेरै विषयहरू समावेश भएका थिए।**

लोकतन्त्रको संस्थागत विकास तथा राज्य सञ्चालनका विधि र पद्धतिहरू निर्माण प्रक्रियामा नागरिकहरूको प्रत्यक्ष सहभागिता हुने निर्वाचनको आफ्नै महत्व हुन्छ। लामो समयसम्म चर्चा र बहसको विषय बन्दै आएको संविधानसभामार्फत राज्य सञ्चालनको विधि प्रक्रिया र संरचना निर्धारण गर्नका लागि हुन लागिरहेको संविधान सभाको निर्वाचन मानव अधिकार, दिगो शान्ति तथा समावेशी लोकतन्त्रको संस्थागत विकासका निम्तिसमेत सार्थक हुन सक्दछ भन्ने आमधारणा रहेको छ।

संविधानसभामार्फत मानव अधिकारमैत्री, लोकतान्त्रिक तथा समावेशी संविधान निर्माणको लागि यसका सम्पूर्ण प्रक्रियाहरूमा महिला, बालबालिका, दलित, मधेशी, आदिवासी जनजाति, अल्पसंख्यक समूह, विभिन्न धार्मिक समुदाय, अपाङ्गता भएका व्यक्तिलगायतका सबै समूहहरूको सार्थक सहभागिता र उचित प्रतिनिधित्वको सुनिश्चितता हुनुपर्दछ। यसै सन्दर्भमा आयोगले आसन्न संविधानसभाको निर्वाचनपूर्व, निर्वाचनको अवधिमा एवं निर्वाचन सम्पन्न भएपश्चात् समेत गरी तीनै चरणमा मानव अधिकार संरक्षणको दृष्टिकोणले अनुगमन, अनुसन्धान, प्रवर्द्धन तथा वकालतसम्बन्धी कार्यक्रमहरू निर्धारण गरेको छ।

संविधानसभामा मानव अधिकारको सम्बन्धलाई सशक्त ढङ्गले सम्बोधन गर्नका निम्ति सरकारी निकाय, सुरक्षा निकाय तथा राजनीतिक दलहरू, नागरिक समाज, मानव अधिकार समुदाय, विभिन्न धार्मिक समुदाय, गैरसरकारी संगठनहरू एवं आमनागरिकको अहम भूमिका रहने हुँदा मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनसम्बन्धी कार्यमा सहयोग पुर्‍याइदिनु हुन आयोग सबैमा आग्रह गर्दछ।

मानव अधिकार उल्लङ्घनसम्बन्धी उजुरी गर्नुपरेमा तथा आयोगका क्रियाकलापहरूका सम्बन्धमा थप जानकारी आवश्यक भएमा आयोगको केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूमा सम्पर्क राख्न समेत अनुरोध छ।

नेपालको अन्तरिम संविधान, २०६३ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक हैसियत प्रदान गरी मानव अधिकारको संरक्षण, संवर्द्धन तथा प्रभावकारी कार्यान्वयको दायित्व प्रदान गरेको छ। साथै, आयोगलाई विस्तृत शान्ति सम्झौता, २०६३ मा उल्लेख भएका बुँदाहरूको अनुगमन गर्ने दायित्वसमेत प्राप्त भएको छ। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणपत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि १९६६, नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूले समेत भयरहित, स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत जनताले आफ्नो प्रतिनिधिहरू छान्ने, उम्मेदवारी दिने र निर्वाचित हुन पाउने अधिकारहरूलाई मानव अधिकारको रूपमा उल्लेख गरेको छ। यसै सन्दर्भमा, आसन्न संविधानसभाको निर्वाचनलाई मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्ने दायित्व पनि आयोगलाई छ। संविधान सभा निर्वाचनमा मानव अधिकारको सवाललाई सम्बोधन गर्न सरकार राजनीतिक दलहरू, निर्वाचनमा संलग्न सरकारी निकायहरू, गैरसरकारी संस्थाहरू, नागरिक समाज तथा आमनागरिकको भूमिका महत्वपूर्ण हुन्छ। यसै तथ्यलाई मध्यनजर गर्दै सरोकारवालाहरूसँग विगतमा गरेका परामर्शहरूबाट प्राप्त सुझाव समेतका आधारमा संविधान सभाको निर्वाचनमा गर्नुपर्ने र गर्न नहुने कार्यका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगद्वारा यो अनुरोधपत्र २०७० प्रस्तुत गरिएको छ।

## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू:

### क्षेत्रीय कार्यालयहरू

**विराटनगर**
बरगाछी चोक
फोनः ०२१ ४६१९३१, ४६१०९३
फ्याक्सः००९७७२१ ४६११००

**नेपालगञ्ज**
शान्तिनगर
फोनः ०८१ ५२६७०७, ५२६७०८
फ्याक्सः००९७७८१ ५२६७०६

**जनकपुर**
जनकपुरधाम
फोनः ०४१ ५२७८११, ५२७८१२
फ्याक्सः००९७७४१ ५२७२५०

**धनगढी**
उत्तर बेहेडी
फोनः ०९१ ५२५६२१, ५२५६२२
फ्याक्सः००९७७ ९१ ५२५६२३

**पोखरा**
जनप्रिय मार्ग
फोनः ०६१ ४६२८११, ४६२८२२
फ्याक्सः००९७७६१ ४६५०४२

### उपक्षेत्रीय कार्यालयहरू

**खोटाङ**
दिक्तेल
फोनः ०३६ ४२०२८४

**जुम्ला**
खलङ्गा
फोनः ०८७ ५२०२२२

**रुपन्देही**
बुटवल
फोनः ०७१ ४४६९११

### केन्द्रीय कार्यालय

हरिहर भवन, ललितपुर, नेपाल
पो.ब.न. ९१८२, काठमाडौं
फोनः ०१ ५०१००१५, १६, १७, १८
फ्याक्सः ००९७७१५५४७९७३, ५५४७९७५
हटलाइनः ५०-१००-००
इमेलः nhrc@nhrcnepal.org
वेवसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोगको अनुरोध

(निर्वाचन - अनुगमन)

सबैका लागि मर्यादा, समानता तथा न्याय

## गर्नुपर्ने:

१. व्यक्तिको जीवन, स्वतन्त्रता तथा मर्यादालाई सबैले सम्मान गर्नुपर्ने,

२. संविधान सभा निर्वाचनसँग सम्बन्धित सवालहरूमा आमनागरिकको सार्थक सहभागिताका लागि निम्न अधिकारहरु सुनिश्चित गरिनुपर्ने,

- नागरिकको उम्मेदवार हुन पाउने अधिकार,
- स्वतन्त्र रूपमा मतदान गर्न पाउने अधिकार,
- कुनै राजनीतिक दलसँग आबद्ध हुने वा स्वतन्त्र रूपमा आफ्नो विचार राख्न पाउने अधिकार,
- शान्तिपूर्ण रुपमा भेला हुने वा राजनीतिक कार्यक्रममा सहभागी हुन पाउने अधिकार,
- निर्वाचनसम्बन्धी अपराध हेर्ने स्वतन्त्र र सक्षम निकाय बन्नुपर्ने तथा त्यस्ता निकायमा सरल पहुँच एवं छिटो न्याय पाउने अधिकार सुनिश्चित गरिनुपर्ने,

३. संविधानसभासँग सम्बन्धित प्रक्रियाहरूमा महिला, दलित, मधेशी, आदिवासी, जानजाति, अल्पसंख्यक समूह विभिन्न धार्मिक समुदाय, अपाङ्गता भएका व्यक्तिलगायतका सबै समुहहरुको अर्थपूर्ण सहभागिता र उचित प्रतिनिधित्वको सुनिश्चितता गरिनुपर्ने,

४. सबै राजनीतिक दलहरूलाई सरकारी आमसञ्चारका माध्यम तथा सार्वजनिक स्थलको प्रयोगमा विना भेदभाव पहुँचको सुनिश्चता गरिनुपर्ने,

५. सशस्त्र द्वन्द्वका कारणले आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको निर्वाचन प्रक्रियामा भाग लिन पाउने अधिकार सुनिश्चित गर्न आन्तरिक विस्थापितसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू, १९९८ तथा विस्तृत शान्ति सम्झौता, २०६३ का आधारमा विस्थापित व्यक्तिका आधारभूत मानव अधिकार प्रत्याभूत गरिनुपर्ने । त्यसैगरी कारागार तथा हिरासतमा रहेका थुनुवा वा बन्दी, निर्वाचनको सिलसिलामा खटिई जाने कर्मचारी स्वयंसेवक पर्यवेक्षक एवं अनुगमनकर्ता समेतको मतदानको अधिकारलाई सुनिश्चित गरिनुपर्ने । साथै, शारीरिक रूपमा अशक्त तथा विशेष संरक्षणको आवश्यकता भएका व्यक्तिहरूको मतदानको अधिकार सुनिश्चित गरिनुपर्ने,

६. निर्वाचन अभियानको प्रक्रियामा प्रयोग गरिने भाषा स्वस्थ, मर्यादित, लैङ्गिक दृष्टिकोणले सम्वेदनशील तथा मानव अधिकारमैत्री हुनुपर्ने र निर्वाचनसम्बन्धी आचारसंहितालाई पालना गर्नुपर्ने,

७. शान्तिपूर्ण रूपमा आयोजना गरिने कुनै पनि सभा-सम्मेलनजस्ता कार्यक्रमहरूलाई निर्वाध रूपले सञ्चालन गर्न दिईनुपर्ने । साथै, निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा आयोजना गरिने आमसभा, जुलुस, ऱ्यालीजस्ता कार्यक्रमहरू अहिंसात्मक र शान्तिपूर्ण बनाइनुपर्ने,

८. नेपालको अन्तरिम संविधान, २०६३ तथा प्रचलित नेपाल कानुनद्वारा प्रदान गरिएको नागरिकको सुसूचित हुने हकलाई सुनिश्चित गर्दै मानव अधिकार रक्षक, सञ्चारकर्मी, अनुगमनकर्ता, पर्यवेक्षक तथा अन्य सरोकारवालाहरूको सूचना संकलनको कार्यमा सहज पहुँच सुनिश्चित गरिनुपर्ने । सूचनाको सम्प्रेषण गर्दा बिना भेदभाव कसैको हानी नोक्सानी नहुनेजस्ता आधारभूत मानव अधिकारका सिद्धान्तलाई आत्मसात गरिनुपर्ने,

९. स्वतन्त्र र निष्पक्ष संविधानसभा निर्वाचनका लागि सुरक्षित र भयरहित वातावरण तयार गर्न सरकारद्वारा उपयुक्त संयन्त्र निर्माण गरी सुरक्षाको प्रत्याभूति गरिनुपर्ने,

१०. विद्यार्थीको पठनपाठन तथा स्वास्थ्य सेवालाई असर पर्ने गरी शैक्षिक संस्था तथा स्वास्थ्य केन्द्रलाई निर्वाचनको सिलसिलामा प्रयोग नगर्ने कुरा सुनिश्चित गरिनुपर्ने ।

## गर्न नहुने:

१. मानव अधिकार, प्रेस स्वतन्त्रता तथा वैयत्तिक स्वतन्त्रताको हक उल्लङ्घन गरिनु हुँदैन,

२. अठार वर्षमुनिका बालबालिकालाई नेपाल पक्ष भएको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को भावनाको प्रतिकूल हुने गरी सभा, जुलुसजस्ता राजनीतिक दलका क्रियाकलापमा संलग्न गराउनु हुँदैन,

३. संविधानसभा निर्वाचनको क्रममा कसैको पनि व्यक्तिगत सम्पत्ति तथा यातायातको साधन कब्जा गरिनु हुँदैन । सरकारी सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्ने जस्ता कार्य गरिनु हुँदैन, साथै, नागरिकहरूसँग जबरजस्ती चन्दा असुल गर्न हुँदैन,

४. अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्ने क्रममा कुनै पनि व्यक्ति, दल वा संगठनप्रति भेदभाव, जातीय वा धार्मिक घृणा वा द्वेष, वा हिंसालाई पैरवी गर्ने खालका क्रियाकलाप सञ्चालन गरिनु हुँदैन,

५. शान्तिपूर्ण सभामा ढुङ्गामुढा गर्ने, व्यवधान खडा गर्ने र कार्यक्रममा अवरोध पुऱ्याउनेजस्ता क्रियाकलापहरु गर्न हुँदैन । साथै निर्वाचनका प्रयोजनका लागि प्रयोगभएका सवारी साधन प्रयोगमा बाधा पुऱ्याइनु हुँदैन,

६. प्रदर्शनका क्रममा टायर बाल्ने, मसाल जुलुस निकाल्ने वा सर्वसाधारण जनतालाई आतंकित पार्ने गरी बन्द हड्ताल आह्वान गर्न हुँदैन । साथै, कुनै पनि घरेलु वा अन्य हात हतियारको प्रदर्शन र प्रयोग गरिनु हुँदैन,

७. कुनै पनि दल वा समूहका व्यक्ति वा सर्वसाधारणलाई लक्षित गरी विष्फोटन गराउने, अपहरण गर्ने, बन्धक बनाउने, यातना दिने, धम्क्याउनेजस्ता मानवताविरोधी अपराधजन्य क्रियाकलापहरू गरिनु हुँदैन,

८. व्यक्तिको जीवन स्वतन्त्रता र मर्यादामा आँच आउने गरी अमानवीय व्यवहार गर्ने वा हुल हुज्जत गरी व्यक्तिको मर्यादामाथि आघात पुऱ्याउने र अपमानित गर्ने जस्ता काम गरिनु हुँदैन,

९. निर्वाचनको सिलसिलामा खटिने कर्मचारी, सुरक्षाकर्मी एवं अनुगमनका सिलसिलामा खटिने स्वदेशी तथा विदेशी पर्यवेक्षक/अनुगमनकर्ताहरुको काममा बाधा पुऱ्याउनु हुँदैन,

१०. निर्वाचनपश्चात् मतदातालाई धम्क्याउने, पर्यवेक्षक तथा अनुगमनकर्तालाई अनुचित दवाब दिने वा बल प्रयोग गर्नेजस्ता कार्यहरू गर्न हुँदैन,

भयरहित स्वतन्त्र र निष्पक्ष संविधानसभा निर्वाचन सम्पन्न गर्ने उल्लेखित मानव अधिकार अनुरोधपत्रलाई सम्मान तथा पालना गरी मानव अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने कार्यमा आ-आफ्नो तर्फबाट आवश्यक सहयोग पुऱ्याइदिनु हुन राष्ट्रिय मानव अधिकार आयोग सबैसँग हार्दिक आग्रह गर्दछ ।